आज मिति २०८० साल भाद्र १४ गतेका दिन यस वारागुङ मुक्तिक्षेत्र गाउँपालिकाको लेखा समिति संयोजक श्री रिङजीन नामगेल गुरुङ ज्यूको अध्यक्षतामा तपशिलको उपस्थितिमा बैठक बसि निम्न बमोजिमको निर्णय गरियो।

तपशिलः

संयोजक श्री रिङजीन नामगेल गुरुङ

सदस्य श्री ढिकी गुरुङ

सदस्य श्री कर्म घ्यचो गुरुङ

सदस्य श्री प्रमेश गरुङ

सदस्य श्री देवेन्द्र बहादुर थापा

सदस्य सचिव श्री अमृत प्रसाद रेग्मी

अन्य उपस्थितिः

प्रमुख प्रशासकीय अधिकृत श्री होम बहादुर थापा मगर

**प्रस्ताव नं. १** आर्थिक वर्ष २०७५/७६,२०७६/७७,२०७७/७८ र २०७८/७९ को महालेखा परीक्षकको अन्तिम लेखा परीक्षण प्रतिवेदन अनुसार फस्यौंट गर्न बाँकी बेरुजुको संपरीक्षण सम्वन्धमा।

<u>निर्णय नं. १</u> प्रस्ताव नं. १ उपर छलफल गर्दा आ.व. २०७५/७६,२०७६/७७,२०७७/७८ र २०७८/७९ को महालेखा परीक्षकको अन्तिम लेखा परीक्षण प्रतिवेदन अनुसार फस्यौंट गर्न बाँकी बेरुजुको संपरीक्षण सम्वन्धमा छलफल गरी आवश्यक प्रमाण जुटाई बेरुजु फस्यौंटको लागी लेखा समितिको प्रतिवेदन गाउँ सभामा आवश्यक निर्णयार्थ पेश गर्ने निर्णय गरियो।

रिङजीन नामगेल गुरुङ
अध्यक्ष
वारागुङ मुक्तिक्षेत्र गाउँपालिका

# वारागुङ मुक्तिक्षेत्र गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

कागबेनी, मुस्ताङ

## बेरुजु सम्परिक्षण प्रतिवेदन

आर्थिक वर्ष २०७५।०७६, ०७६।०७७, ०७७।०७८ र ०७८।०७९

सभामा पेश मिति

२०८०।०५।१५

CamScanner

## बेरुजु फछ्र्यौट प्रतिवेदन २०८०

## बेरुजु फछ्र्यौटको विवरण २०७५।०७६

| क्र.सं. | दफा | | बेरुजु रकम |
|---|---|---|---|
| १ | वेरुजुको व्यहोरा | टुक्रा टुक्रा: सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) बमोजिम एउटै प्रकृतिका कार्यहरु गर्दा एक भन्दा बढी टुक्रा पारी काम गर्न नहुने व्यवस्था छ। त्यस्तै सार्वजनिक खरिद ऐन २०६३ को दफा ४४ मा उपभोक्ता वा लाभाग्राही समुदायबाट निर्माण काम गराउदा वा सो सम्बन्धी सेवा प्राप्त गर्दा मितव्ययीता, गुणस्तरियता वा दिगोपना अभिवृद्दी हुने गरी काम गराउनु पर्ने व्यवस्था छ। तर यस गाउँपालिकाले एउटै प्रकृतिको कार्यहरु गर्दा साना प्याकेज बनाई एक भन्दा बढी उपभोक्ता समिति गठन गरी काम गरेको अनियमित<br><br>सि.नं. \| कामको नाम र ठेगाना \| रकम<br>1 \| तेताङ गाउँ गोरेटो बाटो \| २०००००<br>2 \| तेताङ गाउँ देखि मोहिला सम्म बाटो \| ३०००००<br>3 \| तिरी गुम्बा पूर्वाधार \| २०००००<br>4 \| तिरी घट्ट निर्माण \| १०००००<br>5 \| चाण्पेया युवाक्लब भवन निर्माण, छैङगुर \| ३५००००<br>6 \| छैङगुर आमा समुह फर्निचर खरिद \| १५०००० | १३०००००। - |
| | बेरुजु फछ्र्यौटको लागी पेश भएको प्रमाण | आ.व. २०७५/७६ को म.ले.प. प्रतिवेदनको दफा ३३ मा गाउँपालिकाले एउटै प्रकृतिका कार्यहरु गर्दा साना साना प्याकेज बनाई एक भन्दा बढि उ.स. गठन गरी काम गरेको भनी अनियमित वेरुजु औंल्याईएकोमा मिति २०७५/०३/२५ को चौंथो गरिमामय गाउँसभाको निर्णय नं. २ बजेट तथा कार्यक्रम सम्बन्धमा गरिएको निर्णय अनुसार विनियोजित वजेट खर्च शिर्षक अन्तर्गत नै उल्लेखित योजनाहरुको सम्पन्न पश्चात गरिएको प्राबिधिक मूल्याङ्न वमोजिमको कार्य सम्पन्न प्रतिवेदन अनुसार नै तत् तत् खर्च शिर्षक अन्तरगत नै खर्च लेखाङ्कन गरिएको हुँदा उल्लेखित वेरुजु नियमित गरी फर्स्योट गर्न संपरीक्षणका लागी पेश गरिएको कागजात तथा प्रमाणहरु<br>1. मिति २०७५/०३/२५ को चौंथो गरिमामय गाउँसभाको निर्णय नं. २ बजेट तथा कार्यक्रम सम्बन्धमा गरिएको निर्णयको प्रमाणित प्रतिलिपि थान-१ | |
| | | **दफा ३४** | |
| २ | बेरुजुको व्यहोरा | **गैह सरकारी संस्था छनौट:** स्थानिय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ७० मा गैर सरकारी संस्थाबाट काम गराउदा मौजुदा सूचिमा समावेश भएका गैरसरकारी संस्थालाई कम्तिमा १५ दिनको अवधी दिई सूचना प्रवाह गरी नियम २३३(६) अनुसार योग्य परामर्शदातामध्ये न्युन रकम कबोल गर्ने परामर्शदातालाई स्थानिय निकायले स्विकृत गर्नुपर्ने व्यवस्था छ। झोलुगेपुल निर्माणको परामर्श कार्यका लागि सम्बन्धीत पक्षलाई सूचना समेत प्रवाह नगरी कार्यालयले खरिद प्रकृया र प्रतिष्प्रधा बेगर झोलुगेपुल निर्माणको परामर्श कार्यमा विगत वर्षदेखि एकै गैर सरकारी संस्थालाई छनौट गर्दै आएको देखियो। गैर सरकारी संस्थाको प्राविधीक क्षमता समेत परीक्षण नगरी विगतको सम्झौताका आधारमा जनाई म्याद थप गरी यो वर्ष यो जिल्लाको खिङ्गा पुटाक झो.पु. को कुल लागत रकमको ६ प्रतिशतका दरले रु. २०९७६९ को यस वर्ष ५० प्रतिशत रकम रु. १०४८८४ खर्च नियमित नदेखीएको।<br><br>**गो.भौ.नं. मिति** \| **गैर सरकारी संस्थाको नाम** \| **भुक्तानी रकम**<br>९४/०७६/३/१७ \| मुस्ताङ कल्याण संघ जोमसोम \| १०४८८४.५ | |
| | बेरुजु फछ्र्यौटको लागी पेश भएको प्रमाण | स्थानीय तह स्थापना हुनु भन्दा अगाडी झो.पु. को निर्माण कार्य साविकको जिल्ला विकास समितिले गर्दै आईरहेकोमा स्थानीय तह स्थापना भएपछि निर्माण सम्पन्न भई सकेका झो.पु.को समेत अन्तिम भुक्तानी(उपभोक्ता समितिलाई समेत) सम्बन्धित स्थानीय तहले नै दिने साथै साविकको जि.वि.स.मार्फत नै छनौट गरिएको गैह सरकारी संस्थाले झो.पु. निर्माण कार्यमा उपल्ब्ध गराएको परामर्श सेवा वापतको ५०% पारिश्रमिक स्थानीय तहले नै भुक्तानी समेत गर्ने गरि जि.वि.स.ले गरेको सम्झौता कार्यन्वयन गर्ने गरी सम्बन्धित स्थानीय तह मार्फत झो.पु. निर्माण शिर्षकमा | १०४८८४.५ |

रिग्जिन नाम्गेल गुरुङ
अध्यक्ष
... मुक्तिक्षेत्र गाउँपालिका

विनियोजित वजेट खर्चको लेखाङ्कन गर्ने/गराउने तथा ... लम्वाई भएको झो.पु.को निर्माणसंग सम्वन्धित सम्पुर्ण कार्य तत्कालिन जि.वि.स.को कार्यालयले छनौट गरेको गैरसरकारी संस्थासंग जि.वि.स. कार्यालयले नै गरेको सम्झौता अनुसार उक्त कार्य सम्बन्धित स्थानीय तह मार्फत गर्ने/गराउने गरि संघीय सरकारको **झो.पु. क्षेत्रगत कार्यक्रम** खर्च शिर्षक अन्तर्गत विनियोजित बजेट समेत विनियोजन भई आएको हुँदा आ.व. ७५/७६ को म.ले.प. प्रतिवेदनको दफा ३४ मा नियमति नदेखिएको भनी औंल्याईएको अनियमति वेरुजु तपशिल अनुसारको प्रमाण तथा कागजातका आधारमा नियमित गरि फर्स्यौट गर्न संपरिक्षणका लागी पेश गरिएको कागजात तथा प्रमाणहरुः

1. नेपाल सरकार स्थानीय विकास मन्त्रालय, स्थानीय पुर्वाधार विकास तथा कृषि सडक विभाग द्वारा जारी गरिएको गैर सरकारी संस्था छनौट तथा परिचलन दिग्दर्शन, २०६४ को दफा ७ मा भएको कार्य प्रत्यायोजनको प्रतिलिपि थान-१
2. साविकको जि.वि.स.ले गैर सरकारी संस्थासंग गरेको सम्झौताको प्रतिलिपी थान-१
3. साविकको जि.वि.स.ले गैर सरकारी संस्थासंग गरेको सम्झौता नविकरणको प्रतिलिपि थान-१

## बेरुजु फर्छौटको विवरण आ.व. २०७६।०७७

### दफा नं. ७

१

**बेरुजुको व्यहोरा**

बिनियोजन भन्दा बढी खर्चः स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा कार्यपालिकाबाट स्विकृत गराई असार १० भित्र सभामा पेश गर्नुपर्ने, आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय व्ययको अनुमानित विवरण खुलाउनुपर्ने उल्लेख छ। तर गाउँपालिकाले देहाय अनुसारको शिर्षकमा विनियोजन गरेभन्दा रु. २७ लाख ४ हजार बढी खर्च गरेको अनियमित देखिएको।

| सि.नं. | शिर्षक | बिनियोजित रकम | खर्च भएको रकम | बढी खर्च भएको रकम |
|---|---|---|---|---|
| १ | कृषी प्राविधीकको तलब | ३७४००० | ७००९९३ | ३२६९९३ |
| २ | कृषी प्राविधीकको तलब तथा पोशाक | १०७००० | ३६०९३० | २५३९३० |
| ३ | माध्यामिक तहका कर्मचारीको तलब | ३७६५००० | ४०५५८५९ | २९०८५९ |
| ४ | पशु प्राविधिकको तलब भत्ता | ५८७००० | ८६९५६१ | २८२५६१ |
| ५ | यार्तुङ्ग महोत्सव | २००००००० | ३५५०००० | १५५०००० |
| | जम्मा | | | २७०४३४३ |

२७०४३४३

**बेरुजु फर्छौटको लागी पेश भएको प्रमाणव्यहोरा**

सि नं १ देखि ४ सम्म कर्मचारी तथा शिक्षकको तलब ससर्त तर्फको अनिबार्य दायित्व भयको तर संघबाट बिनियोजित बजेटले नपुग भएको कारण पालिकाबाट भुक्तान दिनुपर्ने अबस्था सिर्जना भएकोले तत्कालिन कार्यपालिको निर्णयानुसार नै उल्लेखित रकम वमोजिमको खर्च लेखाङ्कन गरी भुक्तानी दिएको हुँदा नियमित गरि फर्स्यौट गर्न संपरीक्षणका लागी पेश गरिएको कागजात तथा प्रमाणहरुः

1. उपर्युक्त खर्च शिर्षक अन्तर्गत खर्च लेखाङ्कन तथा भुक्तानी सम्बन्धमा गाउँपालिकाको तत्कालिन कार्यपालिकाको मिति २०७६/०५/३० गतेको निर्णयको प्रतिलिपी थान-१

### दफा ९

२

**बेरुजुको व्यहोरा**

कर्मचारी प्रोत्साहन भत्ताः स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८६(१) बमोजिम स्थानिय सेवा गठन, सञ्चालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभुत सिद्दान्त र मापदण्ड संघिय कानुन बमोजिम हुने, दफा ८६(२) बमोजिम स्थानिय सेवाको गठन, संचालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुविधा सम्बन्धी अन्य व्यवस्था स्थानिय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ। स्थानिय तहले कानुन नबनाई यो वर्ष निम्नानुसार प्रोत्साहन भत्ता खर्च गरेको कारण आर्थिक व्यभार परेको।

| कर्मचारीको नाम | विवरण | मासिक भत्ता | कुल भुक्तानी भएको |
|---|---|---|---|

२५५०००।-

रिङ्जी ग्यामगेल गुरुङ
अध्यक्ष
बारागुङ मुक्तिक्षेत्र गाउँपालिका

वारागुङ मुक्तिक्षेत्र गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कागबेनी, मुस्ताङ
गण्डकी प्रदेश, नेपाल

| | | | |
|---|---|---|---|
| स.ले.प. बलेन्द्रराम हरिजन | मासिक भत्ता | १५००० | १११००० |
| अ.स.ई. मन ब. सार्की | फिल्ड भत्ता | १०००० | १२०००० |
| का.स. छिरिङ्ग घ्याल्पो गुरुङ | अन्य भत्ता | ३००० | २४००० |

**बेरुजु फछौंटको लागी पेश भएको प्रमाण**

दुर्गम क्षेत्र 'क' मा पर्ने, कर्मचारीहरु नियुक्त भयपछि चाडै छोड्ने तथा सरुवा भइ जाने कारणले कुनै एकसाखाको कुनै एक पदको कर्मचारिबाट दुइ वा सो भन्दा बढि पदको तथा अन्य शाखाको समेत काम गराउनु पर्ने अबस्था भयको , कर्मचारिबाट नागरिकहरुलाई सेवा प्रवाह गर्न अफठ्यारो पर्ने भयकोले कर्मचारी हरुलाइ पालिका मा टिकाई राख्न तथा प्रोतसाहन का लागी कार्यपलिका तथा गाउसभा बाट कार्यबिधि स्विकृत भइ पालिकाको स्रोत बाट दिइयको,कर्मचारी लाई कार्यरत कार्यालयमा टिकाई राख्नका लागी तत्कालिन कार्यपालिकाको निर्णयानुसार नै प्रोत्साहन भत्ता उपलब्ध गराईएकोले संपरीक्षणका लागी पेश गरिएका कागजात तथा प्रमाणहरुः

1. गाउँ कार्यपालिकाको कार्यालयमा कार्यरत स.ले.पा. श्री वलेन्द्रराम हरिजनलाई मिति २०७६ साल श्रावण देखि मासिक १५,०००/- का दरले भत्ता स्वरुप उपलब्ध गराउने सम्बन्धमा गरिएको तत्कालिन कार्यपालिकाको मिति २०७६/०५/३० गतेको निर्णयको प्रतिलिपी थान-१
2. गाउँ कार्यपालिकाको कार्यालयमा कार्यरत प्राविधिक कर्मचारीहरुलाई मासिक १०,०००/- का दरले फिल्ड भत्ता स्वरुप उपलब्ध गराउने सम्बन्धमा गरिएको तत्कालिन कार्यपालिकाको मिति २०७६/०६/०१ गतेको निर्णयको प्रतिलिपी थान-१

## आ.व. २०७७।०७८

### दफा १४

**१** — **बेरुजुको व्यहोरा** — रकम: ६७१७१७।-

कर्मचारी प्रोत्साहन भत्ता: स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८६(१) बमोजम थानीय सेवा गठन, संचालन यवस्थापन, सेवाका शर्त तथा सुबिधा सम्पन्न आधारभूत सात र मापदड संघीय कानुन बमोजम हन, दफा ८६ (२) बमोजम स्थानीय सेवाको गठन, संचालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुबिधा सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजम हुन व्यवस्था छ। स्थानीय तहले कानून नबनाई कायपालिकाको निर्णय अनुसार नियमानुसार प्रोत्साहन भत्ता खर्च गरेको कारण थप व्ययभार परेको।

| सि.नं. | भत्ता विवरण | मासिक दर | भत्ता लिने कर्मचारी संख्या | जम्मा रकम |
|---|---|---|---|---|
| १ | फिल्ड भत्ता | १०००० | १ | ११०००० |
| २ | आवास भत्ता | २००० | १७ जना | ३४५७१७ |
| ३ | अन्य भत्ता (लेखा प्रमुख) | १५००० | १ जना | १८०००० |

**बेरुजु फछौंटको लागि पेश भएको प्रमाण**

वारागुङ मुक्तिक्षेत्र गाउपालिका दुर्गम क्षेत्र क मा पर्ने, कर्मचारी हरु नियुक्त भयपछि चाडै छोड्ने तथा सरुवा भइ जाने कारणले कुनै एकसाखाको कुनै एक पदको कर्मचारिबाट दुइ वा सो भन्दा बढि पदको तथा अन्य शाखाको समेत काम गराउनु पर्ने अबस्था भयको , कर्मचारिबाट नागरिकहरुलाई सेवा प्रवाह गर्न अफठ्यारो पर्ने भयकोले कर्मचारी हरुलाइ पालिका मा टिकाई राख्न तथा प्रोतसाहन का लागी कार्यपलिका तथा गाउसभा बाट कार्यबिधि स्विकृत भइ पालिका को स्रोत बाट दिइयको,कर्मचारी लाई पालिकामा टिकाई राख्न का लागी प्रोत्साहन दिइयकोले फछौंट हुनुपर्ने

### दफा १५.२

**२** — **बेरुजुको व्यहोरा** — रकम: १६४९२७

पदाधिकारीको पारिश्रमिक कर: आयकर ऐन, २०५८ को दफा २२(२) मा प्राकृतिक व्यक्तिले निजको आयको गणना गर्दा कर प्रयोजनको लागि नगद आधारमा लेकाङ्कन गर्नुपर्ने, दफा २३ मा कुनै व्यक्तिले कर प्रयोजनको लागि यस ऐनको अधिनमा रही आफ्नो आयको गणनाको लेखाङ्कन नगद आधारमा गर्दा निजले भुक्तानी प्राप्त गर्दा वा निजलाई सो भुक्तानी उपलब्ध हुँदाका अवस्थामा मात्र निजको आयको गणनामा रकम प्राप्त गरेको मानी समावेश गर्नु पर्ने तथा दफा ८७(१) मा प्रत्येक बासिन्दा रोजगारदाताले रोजगारीबाट कुनै कर्मचारी वा कामदारले प्राप्त गरेको आयको गणना गर्दा समावेश गरिने नेपालमा स्रोत भएको रकम भुक्तानी गर्दा अनुसूची १ बमोजिम कर

रिङजी नाम्गेल गुरुङ
अध्यक्ष
वारागुङ मुक्तिक्षेत्र गाउँपालिका

CamScanner